आज मिति २०८३/०२/१८ गते सोमबारका दिन माडी गाउँपालिकाका अध्यक्ष श्री अमरसिंह घर्तीमगर ज्यूको अध्यक्षता एवं तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमाथि छलफल गरी देहायका निर्णयहरु गरियो।

उपस्थितिः

| क्र.स. | नाम/थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री अमरसिंह घर्तीमगर | अध्यक्ष | ९८५७८२४७०६ | |
| २ | श्री जयपुरी घर्तीमगर | उपाध्यक्ष | ९८६८६०८०३० | |
| ३ | श्री रोहित सिंह घर्तीमगर | सदस्य | ९८४९३५४५७९ | |
| ४ | श्री ललित घर्तीमगर | सदस्य | ९८५७८२४१४८ | |
| ५ | श्री बल बहादुर बुढामगर | सदस्य | ९८४१८७९४४८ | |
| ६ | श्री रेग बहादुर मल्ल | सदस्य | ९७४८७२०७५६ | |
| ७ | श्री तेजेन्द्र बुढामगर | सदस्य | ९८५७८६०३४४ | |
| ८ | श्री खर्क बहादुर पुन | सदस्य | ९८५७८४२६७५ | |
| ९ | श्री इन्द्र बहादुर सिटिमहर | सदस्य | ९८०६२३९७४८ | |
| १० | श्री ओसे कामी | सदस्य | ९८४४९०३९२० | |
| ११ | श्री धनमाया घर्तीमगर | सदस्य | ९८६६५०४५७५ | |
| १२ | श्री जय कुमारी कुमाकी | सदस्य | ९८६५५९४१५१ | |
| १३ | श्री वरमाली कुमारी बुढा | सदस्य | ९८६८६७१४४० | |
| १४ | श्री गणेश गौतम | सदस्य सचिव | ९८५७६२७००७ | |
| १५ | सुरेन्द्र बुढामगर | | ९८५७८५४४४८ | |

आमन्त्रितः

श्री डम्बर बहादुर घर्तीमगर - स.प्र.अ

सन्तोष डंगी

प्रस्तावहरु

१. आ.व. २०८३/०८४ को बजेट तर्जुमा सम्बन्धमा ।

२. विद्यालय शिक्षा सुधार सम्बन्धमा ।

३. वडा न १ को चालु बजेट पुजीगत खर्चमा प्रयोग गर्ने सम्बन्धमा ।

निर्णय न १

प्रस्ताव नं १ उपर छलफल गर्दा यस गाउँपालिकको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियालाई सहभागितामूलक, पारदर्शी तथा आवश्यकतामा आधारित बनाउन स्थानीय तह योजना तर्जुमा दिग्दर्शन बमोजिम बडा तहबाट टोल/बस्ती तहमा योजना छनोट तथा प्राथमिकीकरण गर्ने तथा वडा तहमा योजनाको छनौट तथा प्राथमिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने निर्णय गरियो । वडा तहको योजनाको छनौट तथा प्राथमिकिकरण कार्यक्रममा गाउपालिकावाट समेत सहभागीता जनाउने निर्णय गरियो । साथै मिति २०८३।०२।२८ गते कार्यपालिका बैठकमा नीति तथा कार्यक्रम सम्बन्धमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय न २

माडी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्या, विद्यालयको तह तथा कक्षा सञ्चालन अवस्था, विषयगत आवश्यकता, भौगोलिक अवस्था तथा विद्यमान शिक्षक दरबन्दीको अवस्थालाई आधार मानी शिक्षक दरबन्दीको पुनरावलोकन सम्बन्धमा आवश्यक सुझाव पेश गर्न सामाजिक विकास समितिका संयोजकको अध्यक्षतामा देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

**समिति गठन**

१. सामाजिक विकास समिति संयोजक - संयोजक
२. कविराज रिजाल, प्र. अ.कृष्ण मा वि घर्तिगाउ - सदस्य
३. अन्जली के सी, गाउँ शिक्षा समिति सदस्य प्रतिनिधि - सदस्य
४. दल बहादुर वुढा, गाउँ शिक्षा समिति सदस्य प्रतिनिधि - सदस्य
५. अमृत सिङ घर्ति कृष्ण मा.वि जवाङ, विद्यालय व्यवस्थापन समिति प्रतिनिधि - सदस्य
६ संयोजकबाट स्थानिय शिक्षाविद तथा राजनैतिक दलबाट मनोनित ६ जना - सदस्य
७. शिक्षा शाखाको प्रमुख - सदस्य सचिव

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

CamScanner

**समितिको कार्यादेश (Terms of Reference)**

क. गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूको विद्यमान शिक्षक दरबन्दी, राहत, करार तथा अन्य स्रोतका शिक्षकहरूको विवरण संकलन तथा विश्लेषण गर्ने।

ख. विद्यालयगत विद्यार्थी संख्या, शिक्षक-विद्यार्थी अनुपात, विषयगत आवश्यकता तथा भौगोलिक अवस्थाको अध्ययन गर्ने।

ग. नेपाल सरकार तथा प्रचलित कानुन, मापदण्ड र निर्देशिकाको आधारमा दरबन्दीको उपयुक्तता मूल्याङ्कन गर्ने।

घ. आवश्यकता अनुसार विद्यालयहरूको स्थलगत अनुगमन तथा सरोकारवालासँग परामर्श गर्ने।

ङ. दरबन्दी मिलान, पुनर्वितरण वा थप व्यवस्थापन सम्बन्धी सुझाव सहित प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकामा पेश गर्ने।

च. अध्ययन कार्य सम्पन्न गरी १० दिनभित्र  कार्यपालिकामा प्रतिवेदन पेश गर्ने।

<u>निर्णय ३</u>

आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत वडा नं. १ को चालु खर्च शीर्षकमा विविध खर्च शिर्षक बाट  २ लाख १८ मध्येवाट २ लाख  (आन्तरिक स्रोत) तथा अनुगमन तथा भ्रमण खर्च कार्यक्रममा बाट २ लाख(आन्तरिक श्रोत) गरी कुल चार लाख स्थानीय समुदायबाट वडा नं. १ अन्तर्गत पाखापानी-खोरवारे जोड्ने मोटरबाटो निर्माण कार्यको माग भई वडा अध्यक्ष समेतको प्रस्तावमा वडा नं. १ अन्तर्गत पाखापानी-खोरवारे जोड्ने मोटरबाटो निर्माणको लागि पुजीगत बजेटमा रकमान्तर गरी उक्त योजना अगाडी वढाउन प्रमुख प्रशासकिय अधिकृत लाई जिम्मेवारी दिने  तथा आउने गाउसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

अमर सिंह घर्तीमगर
गा.पा.अध्यक्ष

CamScanner